स्थान: बैठक कक्ष

समय: बिहान ३.०० बजे

आज मिति २०८२/०१/३१ गतेका दिन सन्धिखर्क नगरपालिका नगर कार्यपालिकाको बैठक सन्धिखर्क नगरपालिकाका नगर प्रमुख श्री कृष्णप्रसाद श्रेष्ठको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो।

## आर्थिक वर्ष २०८१/८२ कार्यपालिका बैठक सङ्ख्या १४

| क्रम सङ्ख्या | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| २. | सदस्य | श्री मिश्रा आचार्य | |
| ३. | सदस्य | श्री माधव श्रेष्ठ | |
| ४. | सदस्य | श्री मोतिजङ्ग रायमाझी | |
| ५. | सदस्य | श्री जम्शेर मियाँ | |
| ६. | सदस्य | श्री कृष्ण प्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री ऋषव अधिकारी | |
| ८. | सदस्य | श्री श्रीधर महत्रा क्षेत्री | |
| ९. | सदस्य | श्री चुरा बहादुर के.सी | |
| १०. | सदस्य | श्री हुम प्रसाद बन्जाडे | |
| ११. | सदस्य | श्री पदम बहादुर भुसाल | |
| १२. | सदस्य | श्री मोहन सिंह ठकुरी | |
| १३. | सदस्य | श्री चेत नारायण आचार्य | |
| १४. | सदस्य | श्री नारायण खड्का | |
| १५. | सदस्य | श्री सीता बस्नेत | |
| १६. | सदस्य | श्री लिला भुसाल | |
| १७. | सदस्य | श्री कृष्णा भुसाल क्षेत्री | |
| १८. | सदस्य | श्री शारदा परियार | |
| १९. | सदस्य | श्री मान बहादुर सुनार | |
| २०. | सदस्य | श्री सुरज वि.क. | |
| २१. | सदस्य | श्री बसन्त नेपाली | |
| २२. | सचिव | श्री खिमानन्द भुसाल | |

मितिः २०८२/०१/३१
आर्थिक वर्ष २०८१/८२ बैठक सङ्ख्या १४

**बैठकका प्रस्तावहरू**

१. आगामी आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति, बजेट तथा कार्यक्रम तर्जुमाको लागि कार्ययोजना स्वीकृती सम्बन्धमा,

२. युवावर्ष रविचित्र माध्यमिक विद्यालय हटारी र जनज्योति माध्यमिक विद्यालय चुत्रावेशीको विद्यालय भवन निर्माणमा लागत साझेदारी सम्बन्धमा,

३. करार सेवामा कार्यरत कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने सम्बन्धी कार्यविधि, २०८१ को पहिलो संशोधन सम्बन्धमा,

४. सूचना तथा प्रविधि अधिकृतको तह सम्बन्धमा,

५. गच्छेघाट व्यवस्थापन ।

निर्णयहरुः-

**१४.१.** सन्धिखर्क नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/८३ को वार्षिक बजेट तथा योजना निर्माणको कार्य तालिका देहाय बमोजिम हुने गरी स्वीकृत गरी बजेट तथा योजना निर्माण कार्यलाई अगाडि बढाउने ।

२०८२।१।३१

## सन्धिखर्क नगरपालिका
## वार्षिक योजना तथा बजेट तर्जुमाको समय तालिका

| चरण | योजना तर्जुमा सम्बन्धी कार्य | समय सीमा | प्रमुख जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| स्रोत अनुमान र कुल बजेट सीमा निर्धारण | राजश्व परार्मश समितिको बैठक | २०८२ वैशाख १० भित्र | राजस्व परामर्श समिति | स्था.स.स.ऐ. २०७४ को दफा ६५ |
| | स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति नीति तथा कार्यक्रम | २०८२ वैशाख १० भित्र | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | स्था.स.स.ऐ. २०७४ को दफा ६६ |
| | वडा समिति तथा विषयगत शाखालाई बजेट सीमा र मार्गदर्शन सम्बन्धमा पत्राचार | २०८२ वैशाख १५ भित्र | प्रमुख प्रशासकीय अधिकृत | स्था.स.स.ऐ. २०७४ को दफा ६६ |
| | पूर्व बजेट छलफल कार्यक्रम (सरोकारवालाहरू ,गैसस उपभोक्ता समिति, सहकारी संस्था आदी ) | २०८२ जेष्ठ २ भित्र | प्रमुख प्रशासकीय अधिकृत | |
| बस्ती टोलस्तरबाट योजना छनोट | बस्ती/टोल बैठकको कार्यतालिका तयारी र जिम्मेवारी बाँडफाँट | २०८२ जेठ १५ भित्र | सम्वन्धित वडाध्यक्ष | |
| | बस्ती/टोलस्तरमा आयोजना छनोट गरी वडा समितिमा पेस गर्ने | | वडा समितिका तोकिएका सदस्य | |
| वडास्तरीय योजनाको प्राथमिकता निर्धारण | बस्ती/टोलस्तरबाट प्राप्त आयोजना तथा कार्यक्रमलाई विषय क्षेत्र अनुसार छुट्याउने | | वडा समिति तथा कार्यालय | |

## सन्धिखर्क नगरपालिका

### वार्षिक योजना तथा बजेट तर्जुमाको समय तालिका

| चरण | योजना तर्जुमा सम्बन्धी कार्य | समय सीमा | प्रमुख जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| | वडाको बजेट सीमा भित्रका र अन्य महत्वपूर्ण आयोजनाहरूलाई विषयगत रूपमा प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेस गर्ने | | वडा समिति तथा कार्यालय | |
| एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा | विषयगत शाखाबाट विषय क्षेत्रका आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण | २०८२ जेठ २५ भित्र | विषयगत शाखा | |
| | विषयगत समितिमा छलफल र प्राथमिकता निर्धारण तथा साङ्केतीकरण | | | |
| | (क) आर्थिक विकास समिति | २०८२ जेठ २६ गतेभित्र | सम्बन्धित विषयगत समितिको संयोजकले सदस्य सचिवसँग समन्वय गरी | |
| | (ख) सामाजिक विकास समिति | २०८२ जेठ २७ गतेभित्र | सम्बन्धित विषयगत समितिको संयोजकले सदस्य सचिवसँग समन्वय गरी | |
| | (ग) पूर्वाधार विकास समिति | २०८२ जेठ २८ गतेभित्र | सम्बन्धित विषयगत समितिको संयोजकले सदस्य सचिवसँग समन्वय गरी | |
| | (घ) वातावरण तथा विपद् व्यवस्थापन समिति | २०८२ जेठ २९ गतेभित्र | सम्बन्धित विषयगत समितिको संयोजकले सदस्य सचिवसँग समन्वय गरी | |
| | (ङ) संस्थागत विकास र सुशासन समिति | २०८२ जेठ ३० गतेभित्र | सम्बन्धित विषयगत समितिको संयोजकले सदस्य सचिवसँग समन्वय गरी | |

## सन्धिखर्क नगरपालिका

## वार्षिक योजना तथा बजेट तर्जुमाको समय तालिका

| चरण | योजना तर्जुमा सम्बन्धी कार्य | समय सीमा | प्रमुख जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| | नीति तथा कार्यक्रम, बजेट तथा वार्षिक विकास कार्यक्रमको प्रस्ताव तयार गर्ने | २०८२ असार ५ गतेभित्र | सम्बन्धित विषयगत, समितिको अध्यक्षले सदस्य सचिवसँग समन्वय गरी | |
| | आर्थिक विधेयकको मस्यौदा तयारी | २०८२ असार ५ गतेभित्र | प्रमुख प्रशासकीय अधिकृत | |
| | विनियोजन विधेयकको मस्यौदा तयारी | २०८२ असार ५ गतेभित्र | प्रमुख प्रशासकीय अधिकृत | |
| कार्यपालिकाबाट | कार्यपालिका बैठक | २०८२ असार ७ गते | प्रमुख प्रशासकीय अधिकृत | |
| स्वीकृति र नगरसभामा पेस | नीति तथा कार्यक्रम, बजेट, वार्षिक विकास कार्यक्रम, आर्थिक एवम् विनियोजन विधेयकलाई कार्यपालिकाबाट स्वीकृत गर्ने | | कार्यपालिका | |
| | नगरसभा बैठक | | | |
| | कार्यपालिकाबाट स्वीकृत नीति तथा कार्यक्रम प्रस्तुत | २०८२ असार ८ गते | नीति तथा कार्यक्रम नगर प्रमुखबाट, | |
| | नगरसभामा पेस भएको नीति तथा कार्यक्रम माथि छलफल र पारित, बजेट, वार्षिक विकास कार्यक्रम, आर्थिक एवम् विनियोजन विधेयकलाई नगरसभामा पेस गर्ने | २०८२ असार १० गते | बजेट तथा वार्षिक कार्यक्रम, आर्थिक एवम् विनियोजन विधेयक नगर उपप्रमुखबाट | स्था.स.स.ऐ. २०७४ को दफा ७१ |
| नगर सभाबाट स्वीकृति | बजेट, वार्षिक विकास कार्यक्रम, आर्थिक एवम् विनियोजन विधेयक पारित गर्ने र आर्थिक ऐन र विनियोजन ऐन राजपत्रमा प्रकाशन गर्ने | २०८२ असार मसान्तभित्र | नगरसभा | स्था.स.स.ऐ. २०७४ को दफा ७१ |
| | प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने | २०८२ साउन ७ गतेभित्र | नगर प्रमुख | स्था.स.स.ऐ. |

सन्धिखर्क नगरपालिका

वार्षिक योजना तथा बजेट तर्जुमाको समय तालिका

| चरण | योजना तर्जुमा सम्बन्धी कार्य | समय सीमा | प्रमुख जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| | अख्तियारी प्रदान गर्ने | | | २०७४ को दफा ७३ |
| | बजेट पुस्तिका तयारी तथा छपाई | २०८२ साउन १५ गतेभित्र | प्रमुख प्रशासकीय अधिकृत | |

१४.२ श्री युवावर्ष जनता रविचित्र माध्यमिक विद्यालय सन्धिखर्क, १ हटारीनेटा अर्घाखाँचीको पत्र संख्या २०८१/८२ चलानी नम्बर ७१ मिति २०८१/१२/३१ र श्री जनज्योती माध्यमिक विद्यालय सन्धिखर्क २ चुत्रावेशीको पत्र सङ्ख्या, २०८१/८२ चलानी नम्बर, ४ मिति २०८२/०१/२१ को पत्रबाट विद्यालयका विद्यालय भवन निर्माणको लागि विद्यालयबाट स्वीकृत (DPR) विस्तृत परियोजना प्रतिवेदन बमोजिम भारत सरकारको सहयोगमा विद्यालय भवन निर्माण गर्ने प्रयोजनका लागि लागत अनुमानको १० प्रतिशत रकम नगरपालिकाको तर्फबाट लागत साझेदारी गर्न अनुरोध भइ आएकोले उल्लिखित विद्यालयहरुको भवन निर्माणका लागि DPR मा उल्लिखित रकमको १० प्रतिशत रकम नगरपालिकाको तर्फबाट लागत साझेदारी गर्ने गरी स्रोत सुनिश्चितता गर्ने र सो सम्बन्धमा आवश्यक प्रक्रिया अगाडि बढाउन श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस साथ अनुरोध गर्ने,

१४.३ करार सेवामा कार्यरत कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने सम्बन्धी कार्यविधि, २०८१ को पहिलो संशोधन २०८१ स्वीकृत गर्ने,

१४.४ सन्धिखर्क नगरपालिकाको वडा नं १ र ७ को सिमानामा रहेको गच्छेघाट व्यवस्थापन सम्बन्धमा मिति २०८१/१२/१० मा भएको नगर प्रमुख स्तरीय निर्णय समर्थन गर्ने,

१४.५ ७ नं वडा को भंजुङ्गे बस्ती स्थानान्तरण सम्बन्धमा १२ औं नगर कार्यपालिकाको निर्णय नं १ बाट गठित समितिले अध्ययन गरी पेस गरेको अध्ययन प्रतिवेदन आवश्यक कारबाहीको लागि जिल्ला प्रशासन कार्यालय सन्धिखर्क अर्घाखाँचीमा पठाउने,

१४.६ सन्धिखर्क नगरपालिकाको स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक लेखनका लागि सामाजिक विकास समितिका संयोजक श्री नारायण खड्काको संयोजकत्वमा देहायका पदाधिकारीहरु रहेको स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक लेखन कार्यदल गठन गर्ने,

देहायः-

१. संयोजकः श्री नारायण खड्का, सामाजिक विकास समिति,
२. सदस्यः श्री सुर्य बहादुर खनाल, प्रधानाध्यापक ज्ञान प्रकाश माध्यमिक विद्यालय,
३. सदस्यः श्री ध्रुव के.सी, प्रधानाध्यापक भगवती माध्यमिक विद्यालय,
४. सदस्यः श्री युवराज भुसाल, प्रधानाध्यापक विजय माध्यमिक विद्यालय,
५. सदस्य-सचिवः श्री मञ्जु आचार्य, शिक्षा अधिकृत,

साथै कार्यदलले आवश्यकता अनुसार अन्य विज्ञलाई कार्यदलको बैठकमा आमन्त्रित गर्न सक्नेछ।

१४.७ राजस्व परामर्श समिति र पूर्वाधार विकास समितिका सदस्य श्री सरस्वती देवी रानाभाटको मृत्यु भए पश्चात् रिक्त रहेको सदस्य पदमा देहायका कार्यपालिका सदस्यहरुलाई देहायका समितिको सदस्य पदमा मनोनयन गर्ने,

देहायः

१. कृष्णा भुसाल क्षेत्री सदस्य, राजस्व परामर्श समिति,
२. सिता वस्नेत सदस्य, पूर्वाधार विकास समिति,

१४.८ नगरपालिका र अन्तर्गत वडा एवम् स्वास्थ्य संस्थाहरुमा स्वीकृत संगठन संरचना भित्र रहने गरी ज्यालादारीमा कार्यरत कामदारहरुको स्थानमा आवश्यक प्रक्रिया पुरा गरी सेवा करामा लिने ।